# १२३ औं गाउँ कार्यपालिकाको बैठक

## कपुरकोट गाउँपालिका, सल्यान

आज मिति २०८१ साल फागुन २१ गते दिउसो २:०० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा वहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को १२३ औं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिती :</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा वहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री वालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कठायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण वोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री विमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री अनिता पून | कार्यपालिका सदस्य | |
| १४ | श्री तीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १७ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | श्री खगेन्द्र वहादुर शाही | प्रशासन शाखा प्रमुख | |
| २ | श्री विष्णु प्रसाद आचार्य | लेखा अधिकृत | |
| ३ | केशर सिंह खड्का | का स | |

प्रमुख प्रशासकीय अधिकृत

१२३ औं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. कार्यप्रगती समीक्षा सम्वन्धमा।

२. ल्याव सामग्री खरिद सम्वन्धमा।

## २०८२ फाल्गुन २१ गते बसेको १२३ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्बन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | कार्य प्रगती समीक्षा सम्वन्धमा | कपुरकोट गाउँकार्यपालिकाको बैठकवाट यस पूर्व भएका निर्णयहरुको कार्यान्वयन र गाउँपालिकाको समग्र कार्यप्रगतीको अवस्थाको वारेमा अर्थपूर्ण छलफल र समीक्षा गरी पृष्ठपोषण लिनु पर्ने। | ➢ कपुरकोट गाउँकार्यपालिकाको बैठकवाट यसपूर्व भएका निर्णयहरुको कार्यान्वयनको अवस्था तथा गाउँपालिकाको चालु आ.व.को बजेट तथा कार्यक्रमको कार्यान्वयनको समग्र अवस्थावारे बैठकका सचिव एवंम् प्रमुख प्रशासकीय अधिकृतवाट यस बैठकमा प्रगति विवरण पेश गरी सो उपर बैठकमा छलफल र समीक्षा गर्ने।<br>➢ कार्यपालिकाको निर्णयहरु कार्यान्वयन भएको पाइयो। साथै चालु आ.व.का स्वीकृत कार्यक्रमहरुको सन्तोषजनकरुपमा कार्यप्रगति अघी वढेको देखियो। स्वीकृत कार्यक्रमहरु तोकिएको लागत समय गुणस्तर र परिमाणमा सम्पन्न गर्ने गरी कार्य गर्न गाउँकार्यपालिकाको कार्यालयलाई सुझाव दिने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| २ | ल्याव सामग्रीहरु खरिद सम्वन्धमा। | कपुरकोट आधारभूत अस्पतालको लागि अत्यावश्यक ल्याव सामग्रीहरुको खरिद गरी ल्याव व्यवस्थापन गर्नु पर्ने। | कपुरकोट आधारभूत अस्पतालको प्रयोगशालालाई व्यवस्थित गर्न आवश्यक पर्ने भनी अस्पतालवाट माग भई आएका hematology analyzer(CBC) machine, Semi automated biochemistry analyzer and digital centrifuge machine खरिदका लागि पालिकावाट स्वीकृत, भएको लागत अनुमान र स्पेशिफिकेशन अनुसार दरभाउपत्र विधिवाट शिघ्र खरिद प्रकिया अघी वढाउन गाउँकार्यपालिकालाई निर्देशन गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | स्वास्थ्य शाखा |

प्रमुख प्रशासकीय अधिकृत